# मैवाखोला राजपत्र

## मैवाखोला गाउँपालिकाद्धारा प्रकाशित

खण्ड (२) साँघु, फाल्गुन ३० गते २०८० साल (संख्या १)

भाग-२

# मैवाखोला गाउँपालिका स्तरीय आधारभूत तह कक्षा ८ उत्तीर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापन मापदण्ड- २०८०

कार्यपालिकाबाट स्वीकृत मितिः२०८०।११।३०

राजपत्रमा प्रकाशित मितिः२०८०।१२।०६

प्रमाणिकरण मितिः २०८०।१२।०६

# मैवाखोला गाउँपालिका स्तरीय आधारभूत तह कक्षा ८ उत्तीर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापन मापदण्ड, २०८०

**प्रस्तावनाः**

यस मापदण्ड मैवाखोला गाउँपालिकाको शिक्षा क्षेत्र व्यवस्थित गर्न बनेको ऐन २०७९ को दफा १०५ लाई आधार मानी कक्षा ८ आधारभूत तहको अन्तिम कक्षा भएकोले आधारभूत तहको अन्तिम परीक्षाको सञ्चालन तथा व्यवस्थापन गर्न स्थानीय सरकार संचालन ऐन २०७४ परिच्छेद १५ को दफा ११ को उपदफा २ 'ज' मा भएको व्यवस्था अनुसार शिक्षा सम्बन्धी काम, कर्तव्य र अधिकार साथै यही उपदफा २ 'ज' को १४ मा भएको व्यवस्था अनुसार आधारभूत तह कक्षा ८ को अन्त्यमा लिइने परीक्षा सञ्चालन सम्बन्धी अधिकार समेत भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद १५ दफा १०२ को उपदफा (२) बमोजिम कक्षा ८ को परीक्षा सञ्चालन, गाउँ शिक्षा समितिको सिफारिस बमोजिम कार्यपालिकाबाट स्वीकृत मापदण्डका आधारमा गाउँपालिका स्तरमा हुनेछ भन्ने व्यवस्था अनुसार मापदण्ड बनाउन सक्ने प्रावधान बमोजिम यस मैवाखोला गाउँपालिकाको आधारभूत तह (कक्षा ८) को परीक्षा संचालन मापदण्ड, २०८० तयार गरी परीक्षा व्यवस्थान, संचालन, परीक्षाफल प्रकाशन, प्रमाणपत्र वितरण सम्मका कामकाज गर्न यो आधारभूत तह कक्षा ८ उत्तीर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापन मापदण्ड, २०८० मैवाखोला गाउँपालिका, ताप्लेजुङबाट जारी गरिएको छ।

## परिच्छेदः १ (एक)

**१. संक्षिप्त नाम र प्रारम्भ**

१.१. यस मापदण्डको नाम मैवाखोला गाउँपालिका स्तरीय आधारभूत तह कक्षा ८ उत्तीण परीक्षा सञ्चालन तथा व्यवस्थापन मापदण्ड,२०८० रहेको छ र यो मापदण्ड मैवाखोला गाउँकार्यपालिकाले पारित गरेको मिति देखि लागू हुनेछ।

१.२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमाः

१.२.१. "विद्यालय" भन्नाले मैवाखोला गाउँपालिकाको कक्षा १ देखि १२ सम्मको शैक्षिक संरचनालाई बुझ्नु पर्दछ।

१.२.२. "गाउँपालिका" भन्नाले मैवाखोला गाउँपालिका बुझ्नु पर्दछ।

१.२.३. "परीक्षा" भन्नाले कक्षा ८ को अन्तिममा लिइने परीक्षालाई बुझ्नु पर्दछ।

१.२.४. "परीक्षा समिति" भन्नाले कक्षा ८ को अन्तिम परीक्षा संचालन गर्न गठित परीक्षा समितिलाई बुझ्नु पर्दछ।

१.२.५. "परीक्षा शाखा" भन्नाले मैवाखोला गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखा अन्तर्गत आधारभूत तहको कक्षा ८ को अन्तिम परीक्षा सञ्चालनका लागि गठन गरिएको परीक्षा शाखालाई बुझ्नु पर्नेछ।उक्त शाखाले सफ्टवेयर सम्बन्धी कार्य, ग्रेडलेजर बाइण्डिङ, प्रमाणपत्र व्यवस्थापन,अभिलेखीकरण, ग्रेडसिट छपाइ, वितरण र व्यवस्थापन लगायतका काम सम्पादन गर्नेछ।

१.२.६. प्र.अ. भन्नाले विद्यालयका प्रधानाध्यापकलाई सम्झनु पर्नेछ।

१.२.७ परीक्षा केन्द्र भन्नाले कक्षा ८ को परीक्षा सञ्चालनका निमित्त तोकोएको विद्यालय सम्झनु पर्नेछ।

१.२.८ केन्द्राध्यक्ष भन्नाले कक्षा ८ को परीक्षा सञ्चालनका निमित्त गाउँ शिक्षा समितिले मैवाखोला गाउँपालिकाका शिक्षकहरू मध्येबाट छनौट गरी खटाएको मुख्य व्यक्ति सम्झनु पर्छ।

१.२.९ सहायक केन्द्राध्यक्ष भन्नाले कक्षा ८ को परीक्षा सञ्चालनका निम्ति गाउँ शिक्षा समितिले केन्द्राध्यक्षलाई सहयोग गर्न मैवाखोला गाउँपालिकाका शिक्षकहरू मध्येबाट छनौट गरी खटाइएको सहायक व्यक्ति सम्झनु पर्छ।

## परिच्छेदः २ (दुई)

### २. आधारभूत तहको अन्तिम परीक्षा समितिको संरचना

**२.१.** कक्षा ८ को अन्तिममा लिइने आधारभूत तह परीक्षा सञ्चालन, उत्तरपुस्तिका व्यवस्थापन, उत्तरपुस्तिका परीक्षण\सम्परीक्षण, नतिजा प्रकाशन, प्रमाणपत्र वितरण, प्रमाणपत्र, अभिलेख व्यवस्थापन समेतका कामका लागि गाउँ शिक्षा समितिको अध्यक्षतामा तपसिल बमोजिमका सदस्य रहेको ७ (सात) सदस्यीय एक परीक्षा समिति रहनेछ।

(क) मैवाखोला गाउँपालिकाका गाउँ शिक्षा समितिकाअध्यक्ष - अध्यक्ष,

(ख) मैवाखोला गाउँपालिका भित्रका कक्षा ८ सञ्चालित ८ वटै विद्यालयका प्र.अ.- सदस्य

ग) शिक्षकहरु मध्येबाट कम्तीमा २ जना महिलासहित गाउँशिक्षा समितिले मनोनित गरेको ३ जना:- सदस्य

(घ) मैवाखोला गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख:- सदस्य सचिव

परीक्षा समितिमा विषय विज्ञहरुलाई समेत आमन्त्रण गर्न सकिनेछ।

### २.२. परीक्षा समितिको काम, कर्तव्य र अधिकारहरू:-

(क) कक्षा ८ को अन्तिममा लिइने परीक्षा सञ्चालनका लागि गाउँपालिका भित्रका विद्यालयहरुबाट विद्यार्थी विवरण सङ्कलन गर्ने,

(ख) प्रश्नपत्र बैंक निर्माण गर्ने, प्रश्नपत्र बैंकबाट प्रश्न छनोट गरी प्रश्नपत्र छपाइ गर्ने,

(ग) उत्तरपुस्तिका छपाई तथा परीक्षा केन्द्रहरुमा वितरण गर्ने,

(घ) सुरक्षित र गोप्य तवरले परीक्षा केन्द्रहरुसम्म प्रश्नपत्र पुर्याउने,

(ङ) मर्यादित, सुरक्षित र व्यवस्थित ढङ्गले परीक्षा सञ्चालन गर्ने, गराउने,

(च) तोकिएको स्थानमा उत्तरपुस्तिका संकलन, परीक्षण\सम्परीक्षण गराउने,

(छ) उत्तरपुस्तिका परीक्षण पश्चात प्राप्त नतिजालाई मार्कलेजर,ग्रेडलेजरमा प्रविष्टि गरी बाइण्डिङ तथा अभिलेखीकरण गर्ने,

(ज) ग्रेडसिट छपाई, प्रमाणपत्र व्यवस्थापन गर्ने, ग्रेडसिट र प्रमाणपत्रको ढाँचा अनुसूची-१ मा तोकिएको ढाँचामा हुनेछ।

(झ) परीक्षाफल प्रकाशन गर्ने,

(ञ)प्रमाणपत्र वितरण गर्ने,

(ट) अन्य कार्य गर्ने ।

२.३ परीक्षासमितिको कार्यालय मैवाखोला गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखामा रहनेछ।

२.४ परीक्षा समितिका पदाधिकारीहरूको पदावधि १ वर्षको हुनेछ ।

**परिच्छेद: ३ (तीन)**

**३ परीक्षा सञ्चालन प्रक्रिया**

**३.१. परीक्षा शुल्क\परीक्षा फाराम**

कक्षा ८ को आधारभूत तह अन्तिम परीक्षाको लागि कुनै शुल्क लिइने छैन। तर संस्थागत विद्यालयको हकमा भने परीक्षा समितिले तोके बमोजिम हुनेछ। कक्षा ८ को आधारभूत तह अन्तिम परीक्षाको परीक्षार्थीका लागि भरिने आवेदन फाराम मैवाखोला गाउँपालिकाको आधारभूत तहको अन्त्यमा लिइने परीक्षा समितिले तोकेको ढाँचामा हुनेछ वा शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) बाट जेनेरेट गरिएको फाराम प्रयोग गरिनेछ । यसरी तोकेको फाराम विद्यालय मार्फत परीक्षामा सम्मिलित सबै विद्यार्थीलाई भर्ने व्यवस्था मिलाइनेछ । सो फाराममा नाम, ठेगाना, जन्म मिति (जन्मदर्ताको प्रतिलिपी समेत), बाबुआमाको नाम, विद्यार्थीका प्रयोगात्मक प्राप्ताङ्क आदि विवरणहरु भर्ने व्यवस्था गरिनेछ । यी विवरणहरुको शुद्धताको हकमा विद्यालयका प्र.अ.लाई जिम्मेवार बनाइनेछ । परीक्षार्थीको आवश्यक विवरण फरक परेमा यसका लागि सम्बन्धित विद्यालयका प्रधानाध्यापक जिम्मेवार रहनेछन् ।

**३.२. प्रश्नपत्र निर्माण**

यस मैवाखोला गाउँपालिका अन्तर्गतका विद्यालयहरुको कक्षा ५ र कक्षा ८ को अन्तिम परीक्षा सञ्चालनार्थ प्रश्नपत्र निर्माणका लागि विषय शिक्षकहरुबाट सम्बन्धित विषयका प्रश्नपत्रहरु पाठ्यक्रम विकास केन्द्रबाट तोकिएको पाठ्यभार,अङ्कभार,विषय क्षेत्र, विशिष्टीकरण तालिका (ग्रीड),समय र पूर्णाङ्कलाई आधार मानी तोकिएको ढाँचामा प्रश्नपत्र निर्माण गर्न लगाई शिक्षा शाखामा संङ्कलन गरी प्रश्नपत्र बैंक निर्माण गरी सङ्कलित प्रश्नपत्रबाट विषय विज्ञहरुबाट प्रश्नपत्र परिमार्जन, संशोधन तथा परिष्करण गरी सम्बन्धित विषयका अलग-अलग २\२ वटा प्रश्नपत्र तयार गरिने छ। यसरी तयार गरिएका प्रश्नपत्रहरुमध्ये एक प्रति प्रश्नपत्र मुद्रणका लागि छनौट गरिनेछ। यसरी प्रश्न परिष्करणका लागि गोपनीयतालाई विशेष ध्यान दिइने छ। प्रश्न पत्र निर्माण गरेवापत अनुसुची १ मा भएको व्यवस्था बमोजिम पारिश्रमिक प्रदान गरिनेछ।

### ३.३. प्रश्नपत्र छपाइ तथा वितरण

आधारभूत तह कक्षा ८ को अन्तिम परीक्षाको प्रश्नपत्र छपाइका लागि गोपनीयतालाई ध्यानमा राखी छापाखानालाई प्रश्नपत्र छपाइ कार्य गर्ने वा पालिकाबाटै छपाइ गर्ने व्यवस्था मिलाइनेछ । यस मैवाखोला गउँपालिकाको आधारभूत तहकक्षा ८ को अन्तिम परीक्षा सञ्चालनार्थ प्रश्नपत्र मुद्रण पश्चात प्याकेजिङका लागि गोपनीयतालाई ध्यानमा राखी शिक्षा शाखाको निगरानी तथा पहलमा प्याकेजिङ तथा वितरणको व्यवस्था मिलाइने छ ।

### ३.४ उत्तर पुस्तिका छपाइः वितरण,परीक्षण एवम् सम्परीक्षणः

**३.४.१. उत्तर पुस्तिका छपाइः** उत्तर पुस्तिका छपाइका लागि विद्यमान खरिद नियमावली अनुसार कम्तीमा पनि ३ वटा छापाखाना\फर्मबाट दरभाउ माग गरी घटाघटको आधारमा प्रतिष्पर्धा गराई योग्यतम छापाखाना वा फर्म छनोट गरिने छ । कक्षा ८ को हकमा उत्तर पुस्तिका परीक्षण सम्परीक्षण एवम् सम्परीक्षण बमोजिमको रकम उपलब्ध गराइनेछ। परीक्षण वापत अनुसुचि-३ मा उल्लेख गरिए बमोजिमको रकम उपलब्ध गराइने छ ।

**३.४.२. उत्तर पुस्तिका वितरणः** विद्यालयहरुमा उत्तरपुस्तिका वितरणका लागि विद्यालयको विद्यार्थी संख्यालाई आधार मानी गाउँपालिका मार्फत वितरण गर्ने व्यवस्था मिलाइने छ ।

**३.४.३. उत्तर पुस्तिका परीक्षण तथा सम्परीक्षणः** परीक्षा संचालनपश्चात उत्तर पुस्तिका गाउँपालिका वा परीक्षा समितिले तोकेको स्थानमा संकलन गरिनेछ।उत्तर पुस्तिका परीक्षण तथा सम्परीक्षणका लागि सम्बन्धित विषयको शिक्षकहरुको सूचि निर्माण गरी सूचिमा भएका शिक्षकलाई जिम्मा दिइनेछ।उत्तरपुस्तिका परीक्षण गराउने जिम्मा यस मापदण्डमा उल्लेख गरिएको आधारभूत तह परीक्षा संचालन समितिको हुनेछ।कक्षा ८ को गाउँपालिकामा सङ्कलन गरिएको उत्तरपुस्तिकाको परीक्षण, सम्परीक्षणको व्यवस्था परीक्षा समितिले तोके बमोजिम हुनेछ।

**३.४.४. केन्द्राध्यक्ष तथा निरीक्षक सम्बन्धी व्यवस्थाः** यस गाउँपालिका भित्र रहेका आधारभूत तह कक्षा ८ को परीक्षा व्यवस्थित र मर्यादित बनाउन प्रत्येक परीक्षा केन्द्रमा एक जना केन्द्राध्यक्ष र आवश्यक संख्यामा निरीक्षक तोकिने छ। जसको पारिश्रमिक अनुसुची ४ मा भएबमोजिम व्यवस्था गरिने छ । सोको व्यवस्था परीक्षा समितिले गर्नेछ ।

**३.४.५. केन्द्राध्यक्षको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः–**

(क) आवश्यक कर्मचारीको व्यवस्था मिलाउने र कर्मचारीको कार्य विभाजन गर्ने ।

(ख) परीक्षार्थीलाई परीक्षा केन्द्रमा प्रवेश गर्नुअगाडि प्रवेशपत्र रुजु गरी परीक्षा केन्द्रमा प्रवेश गर्ने व्यवस्था मिलाउने।

(ग) परीक्षार्थीहरुको बसाइ व्यवस्था मिलाउँदा एउटा परीक्षा हलमा सबै परीक्षार्थी एकै दिशातिर फर्काएर बस्ने व्यवस्था गर्ने ।

(घ) परीक्षा शुरु हुनुभन्दा कम्तीमा एक घण्टा अगाडि नै बसाइ व्यवस्थापनको सूचना सम्बन्धित परीक्षा हल बाहिर टाँस्ने र टाँस्न लगाउने ।

(ङ) परीक्षा शुरु हुनु भन्दा ३० मिनेट अगाडी परीक्षा हलहरु खोज्न लगाउने ।

(च) परीक्षार्थीहरुलाई प्रतिबन्धित सामग्रीहरु (जस्तैः चिट, गाइड, किताव, नोटवुक, मोवाइल इत्यादि) परीक्षा केन्द्र भित्र लैजान नदिने।

(छ) परीक्षामा खटिने कर्मचारीहरुलाई अनिवार्य रुपमा परीक्षा सञ्चालन सम्बन्धी अभिमुखीकरण गर्ने।

(ज) प्रवेशपत्र नल्याउने कुनै पनि परीक्षार्थीलाई परीक्षामा बस्न नदिने।

(झ) प्रश्नपत्रअपुग हुने देखिएमा परीक्षा समितिसँग समन्वय गरी सुरक्षित रुपमा गोपनीयता भङ्ग नहुने गरी तत्काल प्रतिलिपि निकालेर परीक्षा सञ्चालन गर्ने।

(ञ) परीक्षार्थीलाई एकभन्दा बढी प्रश्नपत्र नदिने र परीक्षा कोठामा आवश्यक सङ्ख्यामा मात्र प्रश्नपत्र दिने।

(ट) केन्द्राध्यक्षको दस्तखत नभएको उत्तरपुस्तिका परीक्षण नगरिने हुँदा सोलाई मध्यनजर गरी सबै उत्तरपुस्तिकामा दस्तखत भएको कुरा सुनिस्चित गर्ने।

(ठ) उत्तरपुस्तिकामा दस्तखतको छाप कुनै पनि हालतमा प्रयोग नगर्ने।

(ड) परीक्षामा कुनै परीक्षार्थीले अनुचित कार्य गरेको पाइएमा निजलाई परीक्षाबाट निष्कासन गर्ने।

**३.४.६. निरीक्षकको काम, कर्तव्य र अधिकार देहार बमोजिम हुनेछन्-**

(क) केन्द्राध्यक्षले तोकेको समयमा परीक्षा केन्द्रमा पुग्ने।

(ख) केन्द्राध्यक्षको निर्देशनानुसार परीक्षार्थीको सिट प्लान गर्न सहयोग गर्ने।

(ग) प्रत्येक परीक्षार्थीको प्रवेशपत्र हेरी निर्दिष्ट स्थानमा बस्न लगाउने।

(घ) परीक्षार्थीले पालन गर्नुपर्ने आचारसंहिता र नियमको जानकारी गराउने।

(ङ) परीक्षार्थीहरुलाई तोकिएको समयमा उत्तरपुस्तिका, प्रश्नपत्र र आवश्यकता अनुसार एकपटकमा दुई पाना थप उत्तरपुस्तिका उपलव्ध गराउने।

(च) परीक्षार्थीहरु आ-आफ्नो सिटमा बसिसकेपछि प्रवेशपत्र हेरी विषयगत परीक्षाका उत्तरपुस्तिका वितरण गर्ने।

(छ) परीक्षा शुरु भएको वीस मिनेट वितेपछि आउने परीक्षार्थीलाई हलभित्र छिर्न नदिने।

(ज) परीक्षार्थीलाइ समयमै दुई प्रति हाजिरी फाराम भर्न लगाउने।

(झ) परीक्षार्थीले उत्तरपुस्तिकामा मसी फेरेकोमा कैफियत जनाइ प्रमाणित गरीदिने।

(ञ) परीक्षार्थीलाई परीक्षाको समयमा परीक्षा सञ्चालन भएको एक घण्टा र परीक्षा समाप्त हुनलाई पन्ध्र मिनेट बाँकी रहँदा शौचालय जान नदिने।

(ट) परीक्षार्थीले अनुचित काम गरेको पाइएमा केन्द्राध्यक्षलाई तुरुन्त जानकारी गराउने।

(ठ) परीक्षार्थीहरुलाई प्रतिबन्धित सामग्रीहरु (जस्तैः चिट,गाइड,किताव,नोटवुक,मोवाइल इत्यादि) परीक्षा हलमा भित्र्याएको पाइएमा आफ्नो नियन्त्रणमा लिई केन्द्रध्यक्षलाई जिम्मा लगाउने र सामाग्रीहरु परीक्षार्थीलाई परीक्षा सिद्धिए पश्चात मात्र फिर्ता गर्ने।

(ड) केन्द्राध्यक्षले तोकिदिएका अन्य कामहरु गर्ने।

## परिच्छेदः ४ (चार)

### ४. टेबुलेशन (प्रविष्टि)

परीक्षार्थीले प्राप्त गरेको प्राप्ताङ्कलाई विद्यालयको परमिसन अफ गरी IEMIS मा प्रविष्टि गरिनेछ र IEMIS बाटै ग्रेडसीट, प्रमाणपत्र तथा ग्रेडलेजर निर्माण गरी वितरण गरिनेछ ।

## परिच्छेदः ५ (पाँच)

### ५.सफ्ट्वेर सम्बन्धी व्यवस्थाः

प्रविधियुक्त तथ्याङ्क व्यवस्थापन गर्न,तथ्याङ्क विश्वसनीय,व्यवस्थित र समय सापेक्ष गराउन मैवाखोला गाउँपालिकाको सूचना र प्रविधिसँग सम्बन्धित जनशक्ति अथवा बाह्य स्रोत प्रयोग गर्दै कक्षा ८ को अन्तिम परीक्षा ग्रेडलेजर तथा ग्रेडसिट र प्रमाणपत्र निर्माणका लागि मैवाखोला गाउँपालिकाको परीक्षा शाखाबाट व्यवस्थापन गरिनेछ । त्यसका लागि अनुसुची ५ मा भएको व्यवस्था बमोजिम पारिश्रमिकको व्यवस्था गरिनेछ ।

## परिच्छेदः ६ (छ)

### ६. परीक्षाफल प्रकाशनः

परीक्षार्थीहरुको उत्तर पुस्तिका विषय शिक्षकबाट परीक्षण पश्चात् प्राप्ताङ्कलाई ग्रेडिङ गरी तालिकीकरण पश्चात् शैक्षिक सत्रको अन्त्य सम्ममा परीक्षाफल प्रकाशन गरिनेछ ।

## परिच्छेदः ७ (सात)

### ७. ग्रेडवृद्धि परीक्षा

कक्षा ८ आधारभूत तहको अन्तिम परीक्षाको नतिजा पश्चात् २ विषयसम्म ३५ प्रतिशत अङ्क प्राप्त नगर्ने विद्यार्थीहरूका लागि तत्काल परीक्षा समितिको बैठक बसी नियमानुसार ग्रेड वृद्धि परीक्षा व्यवस्थापन तथा सञ्चालन गरिनेछ ।

## परिच्छेदः ८ (आठ)

### ८. परीक्षा अनुगमनः

कक्षा ८ को अन्तिम परीक्षा व्यवस्थित, मर्यादित रस्तरीय बनाउन परीक्षा सञ्चालनको अवधिमा परीक्षा केन्द्र, परीक्षा सञ्चालन, उत्तरपुस्तिका परीक्षण, प्रश्नपत्र निर्माण, नतिजा प्रकाशन आदि परीक्षा सम्बद्ध सम्पूर्ण पक्षको अनुगमन तथा निरीक्षणका लागि एउटा अनुगमन समिति रहनेछ।उक्त अनुगमन समिति देहाय बमोजिम रहनेछ ।

क) गाउँपालिका अध्यक्ष, मैवाखोला गाउँपालिकाः संयोजक

ख) उपाध्यक्ष, मैवाखोला गउँपालिकाः सह-संयोजक

ग) प्रमुख प्रशासकीय अधिकृत, मैवाखोला गाउँपालिकाः सदस्य

घ) संयोजक, सामाजिक विकास समिति, मैवाखोला गाउँपालिकाः सदस्य

ङ) शिक्षा शाखा प्रमुखः सदस्य सचिव

## परिच्छेदः ९ (नौ)

**९. प्रमाणीकरणः**

कक्षा ८ आधारभूत तहको अन्तिम परीक्षासँग सम्बन्धित तथ्याङ्क, ग्रेडलेजर, ग्रेडसिट तथा प्रमाण पत्र प्रमाणीकरण शिक्षा शाखाद्वारा गरिनेछ।

## परिच्छेदः १० (दश)

**१०. विविध**

कक्षा ८ को अन्तिम परीक्षा सञ्चालन सम्बन्धी माथि लेखिएका बाहेकका अन्य अत्यावश्यक कामकाजका लागि सम्पूर्ण अधिकार आधारभूत तह कक्षा ८ को परीक्षा समितिको हुनेछ। परीक्षा समितिको वैठक आवश्यकता अनुसार बस्नेछ। बैठक बसे पश्चात प्रति बैठक अनुसुची -६ मा भएको व्यवस्था बमोजिम पारिश्रमिकको व्यवस्था गरिनेछ।

**११.** यस अघि गठन भएको परीक्षा समिति यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

## अनुसुची -१

### (मापदण्डको दफा २ को उपदफा २.२(ज) सँग सम्बन्धित)



# MAIWAKHOLA RURAL MUNICIPALITY

OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
TAPLEJUNG
KOSHI PROVINCE, NEPAL

## BASIC EDUCATION EXAMINATION 2080

### GRADE-SHEET

### GRADE VIII

THE GRADE(S) SECURED BY **AISKA RAI (0100500057500251)**
DATE OF BIRTH **2068-05-12 (B.S.) 8-29-2011(A.D)** SYMBOL NO २०८००१
OF **THOTNE SINGRAJ MANRANI BASIC SCHOOL, BANSTHALA** IEMIS CODE **010050005**
IN THE ANNUAL BASIC EDUCATION EXAMINATION OF YEAR **2080 B.S.** ARE GIVEN BELOW.

| SUBJECTS | CREDIT HOUR(CH) | GRADE POINT(GP) | GRADE | FINAL GRADE | REMARKS |
|---|---|---|---|---|---|
| | 0 | **GRADE POINT AVERAGE(GPA) =** | | | |

1.ONE CREDIT HOUR EQUALS 0 HOURS
2.TH: THEORY(FINAL/EXTERNAL) IN: INTERNAL

GRADING SYSTEM

| S.N. | GRADE | GRADE POINT | REMARKS | S.N. | GRADE | GRADE POINT | REMARKS |
|---|---|---|---|---|---|---|---|
| 1 | A+ | 4.0 | OUTSTANDING | 2 | A | 3.6 | EXCELLENT |
| 3 | B+ | 3.2 | VERY GOOD | 4 | B | 2.8 | GOOD |
| 5 | C+ | 2.4 | SATISFACTORY | 6 | C | 2.0 | ACCEPTABLE |
| 7 | D | 1.6 | BASIC | 8 | NG | - | NOT GRADED |

**Result Published Date:**

Checked By

Date of Issue: 2024-03-18

Approved By

3/18/24, 4:01 PM about:blank

# MAIWAKHOLA RURAL MUNICIPALITY

OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
TAPLEJUNG
KOSHI PROVINCE, NEPAL

## CERTIFICATE

This is to certify that MS.AISKA RAI

son of MR.RAJENDRA RAI and MRS.ASHMITA RAI

registration no.: 0100500057500251 symbol no.: २०८००१

from THOTNE SINGRAJ MANRANI BASIC SCHOOL,MAIWAKHOLA RURAL MUNICIPALITY-2,BANSTHALA

has completed Basic Education Examination (Grade VIII) conducted by Examinxation Committee in the year 2080BS with ______ Grade Point Average (GPA)

CHECKED BY

DATE OF ISSUE: 2024-03-18

APPROVED BY

# Maiwakhola Rural Municipality

Office of the Rural Municipal Executive
Taplejung
Koshi Province, Nepal

## Basic Education Examination 2080

Thotne Singraj Manrani Basic School(010050005)

Application Form

To

**The Chief Administrative Officer**

**Maiwakhola Rural Municipality, Taplejung**

**Through the head teacher**

**Thotne Singraj Manrani Basic School**

**I request to submit the application form for Basic Education Examination 2080**

NAME OF THE STUDENT: AISKA RAI
DATE OF BIRTH: 2068-05-12
STUDENT REGISTRATION NUMBER: 0100500057500251
GENDER: GIRL

FATHER'S NAME: RAJENDRA RAI
MOTHER'S NAME: ASHMITA RAI

| SUBJECT WHICH ARE GOING TO BE APPEARED | | | |
|---|---|---|---|
| S.N. | SUBJECT NAME | S.N. | SUBJECT NAME |
| 1 | NEPALI | 4 | SCIENCE & TECHNOLOGY |
| 2 | ENGLISH | 5 | SOCIAL STUDIES & HUMAN VALUE EDUCATION |
| 3 | MATHEMATICS | 6 | HEALTH PHYSICAL & CREATIVE ART |
| SUBJECT OFFERRED BY LOCAL LEVEL | | | |
| 1 | HAMRO MAIWAKHOLA | | |

**Student Signature** **Parent's Signature** **Head Teacher's Signature**

नोटः
१. माथि उल्लेखित विवरणहरू विद्यार्थीको जन्मदर्ता प्रमाण पत्र अनुसारको हुनु पर्नेछ।
२. फारमका साथमा विद्यार्थीको जन्मदर्ताको प्रमाणपत्रको फोटोकपी विद्यालय बाट प्रमाणित गरी अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।
३. यस फारममा लेखिएका विवरण अनुसार विद्यार्थीको लब्धाङ्क पत्र तयार गरिनेछ यहाँ उल्लेख गरिए भन्दा फरक पर्ने गरी लब्धाङ्क पत्र जारी गरिने छैन।

## अनुसूची -२

**(मापदण्डको दफा ३ को उपदफा ३.३ सँग सम्बन्धित)**

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | प्रश्न पत्र निर्माण वापत (१००) पूर्णाङ्क | प्रति प्रश्नपत्र रु.२००० |
| २ | प्रश्न पत्र निर्माण वापत (५०) पूर्णाङ्क | प्रति प्रश्नपत्र रु.१५०० |

## अनुसुची -३

**(मापदण्डको दफा ३ को उपदफा ३.४ को ३.४.३ सँग सम्बन्धित)**

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | सय पूर्णाङ्कको उत्तर पुस्तिका परीक्षण वापत | प्रति उत्तर पुस्तिका रू. ३५ |
| २ | पचास पूर्णाङ्कको उत्तर पुस्तिका परीक्षण वापत | प्रति उत्तर पुस्तिका रू. ३० |
| ३ | सम्परीक्षण वापत | प्रति उत्तर पुस्तिका १०० पूर्णाङ्क रु १० र ५० पूर्णाङ्क रू. ५ |

## अनुसुची -४

**(मापदण्डको दफा ३ को उपदफा ३.५ को ३.५.४ सँग सम्बधित)**

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | केन्द्राध्यक्षको पारिश्रमिक | प्रति दिन रु.१००० को दरले |
| २ | सहायक केन्द्राध्यक्ष पारिश्रमिक | प्रतिदिन रु ७०० को दरले |
| ३ | निरीक्षकको पारिश्रमिक | प्रतिदिन रु ५०० को दरले |
| ४ | सुरक्षा कर्मी र कार्यालय सहयोगी पारिश्रमिक | प्रतिदिन रु ४०० को दरले |

## अनुसुची- ५

**(मापदण्डको दफा १० सँग सम्बन्धित)**

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | मार्क इन्ट्री गर्न तथा विवरण सच्याउन सहयोग गरे बापत | प्रति दिन रु १००० को दरले |

## अनुसुची- ६

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | बैठक भत्ता बापत | प्रति बैठक प्रति व्यक्ति रू १००० |

## अनुसुची- ७

## मुचुल्का फर्मेट

## दैनिक परीक्षा सञ्चालन प्रतिवेदन फाराम

## आधारभूत तह उत्तीर्ण परीक्षा २०८०

१. विषयः-

२. प्रश्नपत्र प्राप्त भएको संख्याः-

३. उपयोग गरिएका प्रश्नपत्र संख्याः-

४. उत्तरपुस्तिका पोकामा राखिएको संख्याः-

५. फिर्ता गरिएको प्रश्न पत्रहरुको संख्याः-

६. केन्द्रमा जगेडा रहेको प्रश्नपत्रहरुको संख्याः-

७. कोठैपिच्छे निरिक्षकहरुले प्रमाणित गरेको परिक्षार्थीको हाजिरी कागज संख्याः-

कोठा नं.- १:-

कोठा नं.- २:-

कोठा नं.- ३:-

कोठा नं.- ४:-

कोठा नं.- ५:-

कोठा नं.- ६:-

कोठा नं.- ७:-

८. अनुपस्थित रहेका परिक्षार्थीहरुको संख्याः-

९. बीच बीचमा बाहिर जाने परीक्षार्थीहरुको संख्याः-

विषयः- ...................

उत्तरपुस्तिका संख्याः- ....................

पोका संख्याः- ......................

केन्द्राध्यक्षको दस्तखतः-........................

केन्द्राध्यक्षको नामः-.............................

केन्द्रको नामः-...................................

पालिकाको नामः-................................

जिल्लाः-..........................................

मितिः-.......................